# भरतपुर उप-महानगरपालिका कार्यालय

भरतपुर, चितवन, नेपाल

# तेस्रो नगर परिषद्

२६ पौष, २०७३

## आर्थिक बर्ष ०७४/७५ को लागि प्रस्तावित नीति, कार्यक्रम तथा आय/व्यय सहितको बजेट वक्तव्य

☎056-520167, 521467, 530062, 526951, 522252, Fax : 00977-56-520014
E-mail : bmc@ntc.net.np, Website : www.bharatpurmun.gov.np

# भरतपुर उप-महानगरपालिकाको तेस्रो नगर परिषद्मा प्रस्तुत आर्थिक बर्ष ०७४/७५ को लागि प्रस्तावित नीति, कार्यक्रम तथा आय/व्यय सहितको बजेट वक्तव्य

विक्रम संवत २०३५ सालमा भरतपुर नगरपञ्चायतको रुपमा स्थापित भै भरतपुर नगरपालिका हुँदै हाल उप-महानगरपालिकाको रुपमा रहेको यस नगरपालिकाको उपमहानगर बनेपछिको यस तेस्रो नगरपरिषद्को प्रमुख अतिथिको रुपमा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु हुने यसै जिल्लाका सुपुत्र, सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ज्यू, विशिष्ट अतिथि नेपाल सरकारका माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री बिक्रम पाण्डेज्यू, विशिष्ट अतिथि माननीय शिक्षामन्त्री धनिराम पौडेलज्यू, सम्मानीय प्रधानमन्त्रीका प्रशासनीक सल्लाहकार नारायण दाहालज्यू, व्यवस्थापिका संसद्का माननीय सांसद्ज्यूहरू, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्राललयका श्रीमान् सचिवज्यू, क्षेत्रीय प्रशासकज्यू, प्रमुख जिल्ला अधिकारीज्यू, जुनियर प्रहरी अधिकृत शिक्षालयका प्रमुखज्यू लगायत क्षेत्रीय सुरक्षा प्रमुखज्यूहरू, राजनैतिक दलका जिल्ला प्रमुखज्यूहरू, स्थानीय विकास अधिकारीज्यू, सुरक्षा निकायका जिल्ला प्रमुखज्यूहरू, विश्वविद्यालय तथा विभिन्न क्याम्पसका प्रमुखज्यूहरू, विभिन्न राजनैतिक दलका नगर प्रतिनिधिज्यूहरू, पूर्व नगर प्रमुख, उपप्रमुख एवं पदाधिकारीज्यूहरू, उद्योग वाणिज्य संघ तथा चितवन उद्योग संघका अध्यक्षज्यूहरू, विभिन्न कार्यालयका कार्यालय प्रमुखज्यूहरू, नेपाल पत्रकार महासंघ, गैसस महासंघका जिल्ला अध्यक्षज्यूहरू, कार्यक्रममा उपस्थित वडा नागरिक मञ्च, टोल विकास संस्था, नागरिक सचेतना केन्द्रका पदाधिकारीहरू, महिला, बालबालिका, दलित, आदिवासी, जनजाति, मुस्लिम, पिछडिएका वर्ग तथा समुदाय एवं अपाङ्गता भएका व्यक्तिहरूको सञ्जाल तथा समितिका प्रतिनिधिज्यूहरू, सञ्चारकर्मीहरू, सामाजिक व्यक्तित्वहरू, कर्मचारी मित्रहरू तथा यस कार्यक्रममा उपस्थित अन्य विशिष्ट महानुभावहरूमा भरतपुर उपमहानगरपालिकाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्न चाहन्छु ।

हाम्रो सभ्यताको मुहान नारायणी नदीको बायाँ किनारमा अवस्थित, देवघाट लगायतका पवित्र तीर्थस्थलहरूको संगम, कृषि तथा औद्योगिक विकासको असीम संभावनाले युक्त, नेपालका शहरहरू मध्ये तिव्र आर्थिक विकास गरी रहेको, यस सुन्दर भरतपुर नगरीको कार्यकारी प्रमुखको हैसियतले यस नगरपरिषद् समक्ष आ.व.०७४/७५ को लागि उप-महानगरपालिकाबाट स्वीकृत नीति, कार्यक्रम तथा आय व्ययको अनुमान समेटिएको वजेट प्रस्तुत गर्न पाउँदा म गौरवान्वित महशुस गरिरहेको छु ।

आज यहाँहरूको बीचमा महत्वपूर्ण जिम्मेबारीका साथ उभिँदा म नेपालका विभिन्न वलिदानीपूर्ण आन्दोलनहरूमा आफ्नो प्राण उत्सर्ग गर्ने वीर शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना ब्यक्त गर्न चाहन्छु ।

सर्वप्रथम, भरतपुर उपमहानगरपालिकाको यो विशेष पर्वमा समुपस्थित रहनु भएका सम्माननीय प्रधानमन्त्रीज्यू सँग नगरबासीका केही अपेक्षाहरू खुलस्त रुपमा राख्ने अनुमति चाहन्छु । मुलतः हामी आम उप-महानगरबासीहरू

छिट्टै महानगरबासीमा रुपान्तरित हुने सुखद् समाचारको प्रतिक्षामा छौं । यसको अलावा आगामी केही महिना भित्रनै स्थानीय तहको निर्वाचन सम्पन्न भै यस संस्थाले जननिर्वाचित अभिभावक प्राप्त गर्ने सुखद् संघारमा हामी पुगेका छौं । यि समाचार हाम्रा लागि उत्सवको रुपमा आउनेछन् ।

प्रस्तुत नीति, कार्यक्रम तथा वजेट तर्जुमा गर्ने क्रममा विभिन्न वस्तीस्तरमा गरिएका छलफल तथा अन्तरक्रिया, वडाहरूमा आयोजना गरिएका वडा भेलाहरू, वडा नागरिक मञ्चका बैठकका निर्णयहरू, महिला, बालबालिका, आदिवासी, जनजाति, दलित लगायतका बञ्चितिकरणमा परेका वर्ग र समूहहरूको सञ्जालका वैठकहरू, विषयगत समितिका बैठकका निश्कर्षहरू एवं एकीकृत योजना तर्जुमा समिति तथा नगरपालिकाको बैठकका निर्णयहरू समेत गरी धेरै नगरबासीको संलग्नता तथा सहभागिता जुटाइएको कारणले गर्दा यो वजेट हामी सवैको सामुहिक निश्कर्ष तथा निर्णय भएको ब्यहोरा सम्मानित सभालाई अनुरोध गर्न चाहन्छु ।

प्रस्तुत नीति, कार्यक्रम तथा वजेट तयार गर्दा **ब्यवस्थित उद्यमशील सहर**को रुपमा भरतपुरलाई विकास गर्ने हामीले तय गरेको साझा लक्ष्य तथा अभियानलाई केन्द्र विन्दुमा राखिएको छ। भरतपुर आफैंमा प्रसस्तै संभावनाले युक्त ठाउँ हो । प्राकृतिक तथा साँस्कृतिक स्रोत साधनको प्रचुरता, प्रशस्तै धार्मिक तथा पर्यटकीय क्षेत्रहरू, विशाल कृषियोग्य जमीन तथा चेतनशील र आर्थिक रुपले सक्रिय नागरिकहरू भरतपुरका निधि हुन् । नेपालका सहरहरूमध्ये तिव्र विकास तर्फ लम्किएको यो सहर नेपालको आर्थिक राजधानीको रुपमा विकशित हुने उच्च महत्वाकांक्षाका साथ अघि वढिरहेको छ ।

आजको दिन भरतपुरको लागि विशेष दिन हो । भरतपुर उप-महानगरको आँगनमा, बार्षिक नगरपरिषद्को अवसरमा राष्ट्रको सर्वोच्च कार्यकारी सम्माननीय प्रधानमन्त्रीज्यू तथा मन्त्रीज्यूहरूको उपस्थिति रहेको छ । यस अवसरको सदुपयोग गर्दै, नगरपालिकाबाट ३ बर्ष अघि उप-महानगरमा स्तरोन्नति भएको यस सहरको लागि अत्यावश्यक केही ठूला पूर्वाधार निर्माण तर्फ सम्माननीय प्रधानमन्त्रीज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । यस सहरसँग एउटा ठूलो सभा सम्मेलन केन्द्रको अभाव छ । यसैगरी न त फुटवल न त क्रिकेट स्टेडियम नै छ । हामीसँग प्रदर्शनी केन्द्र, बाल उद्यान, ब्यवस्थित बधशाला, सार्वजनिक पुस्तकालय, घडीघर (Clock Tower), खुला पार्कहरूजस्ता सार्वजनिक सम्पत्ति तथा संरचनाहरूको पनि अभाव रहेको छ । फोहरमैला ब्यवस्थापनको लागि सरकारले उपलब्ध्र गराएको जमिनमा पनि पूर्वाधार निर्माण गर्न स्रोतको अभाव भै रहेको छ । अतः यस सहरलाई सवल उप-महानगर वनाउने दिशामा सहयोगको लागि सादर अनुरोध गर्दछु ।

**सम्माननीय प्रधानमन्त्रीज्यू एवं उपस्थित विशिष्ट महानुभावहरू** :

अव म विगत आर्थिक बर्षमा हामीले सम्पादन गरेका केही कार्यहरूको बारेमा संक्षिप्तमा प्रकाश पार्न चाहन्छु । गत आर्थिक बर्षमा हामीले पूर्वाधार निर्माण तर्फ ११.२३ कि.मी. सडक कालोपत्रे गर्ने कार्य, ३.५ कि.मि. सडकको पुनः निर्माण तथा ४.३४ कि.मि. पिच सडक तथा २५ कि.मि. ग्रावेल सडकको मर्मत संभार गर्न सफल भएका थियौं । यसको अलावा १ कि.मि. सतह ढल, २ वटा नहरका पुल तथा कल्भर्ट निर्माण, ५ कि.मि. सडकमा सडक सौर्य बत्ति जडान तथा १५ वटा भवन निर्माण वा मर्मतका कार्यहरू सम्पन्न गरेका छौं । सो अवधिमा साना ठूला गरी ३८४ योजना सञ्चालन गरिएका थिए । समीक्षा अवधिमा सेवाग्राहीलाई विविध प्रकृतिको सेवा प्रवाह गरिएको छ भने सोही आर्थिक बर्षमा ११६७ नयाँ तथा पुराना घरको नक्सा स्वीकृत गरिएको छ ।

**अब म आ.व. ०७२/७३ को प्रगति समीक्षा संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु :**

आ.व. ०७२/७३ मा आन्तरिक आय १६ करोड ९४ लाख, वाह्य अनुदान ४५ करोड ०८ लाख २५ हजार गरी कुल बजेट ६२ करोड ०२ लाख २५ हजार अनुमान गरीएकोमा आन्तरिक आय तर्फ १७ करोड २२ लाख ३४ हजारतथा वाह्य अनुदान तर्फ ४३ करोड ५९ लाख ८४ हजार आय भै जम्मा यर्थाथ आय ६० करोड ८६ लाख ८७ हजार हुन पुगी लक्ष्यको तुलनामा ९८.१३ प्रतिशत प्रगति हासिल भएको छ । आ.व. ०७१/०७२ मा ४९ करोड ०६ लाख २० हजार यर्थाथ आय भएकोमा आ.व.०७२/०७३ को रु ६० करोड ८६ लाख भई रु ११ करोड ८० लाख ६७ हजार बृद्धि भएको सुखद अवस्था छ ।

आन्तरिक स्रोत परिचालन तर्फ आ.व.०७१/०७२ मा १५ करोड २२ लाख ३४ हजार रहेकोमा आ.व.०७२/०७३ मा १७ करोड २७ लाख ०३ हजार रहन गई १३.४६ प्रतिशत बृद्धि हुन गएको छ । आ.व.०७२/०७३ को लक्ष्यको तुलनामा आन्तरिक आयको प्रगति १०२ प्रतिशत हुन जान्छ । आ.व.०७१/०७२ को कुल बजेटमा आन्तरिक आयको अशं ३३.९६ प्रतिशत रहेकोमा आ.व.०७२/०७३ को कुल बजेटमा आन्तरिक आयको अशं २८.३७ प्रतिशत रहन आएको छ । सर्शत अनुदानमा भएको बृद्धि तथा सामाजिक सुरक्षा भत्तामा भएको वढोत्तरीको कारणले कुल वजेटमा आन्तरिक आयको अनुपात घट्न पुगेको हो ।

वाह्य अनुदान तर्फ आ.व. ०७२/७३ मा ४५ करोड ०८ लाख २५ हजार अनुमान गरिएकोमा ४३ करोड ५९ लाख ८४ हजार यथार्थ आय भई लक्ष्यको तुलनामा ९७ प्रतिशत प्रगति हासिल भएको छ ।शिर्षकगत रुपमा समष्टिगत परिसूचकहरू उत्साहजनक रहेका छन् । लक्षित बर्ग तर्फ आ.व.०७२/०७३ मा ८० प्रतिशत प्रगति हासिल भएको छ । सामाजिक सूरक्षा तर्फ १०० प्रतिशत, फोहोरमैला तथा वातावरणीय सुधार कार्यक्रम तर्फ ९५ प्रतिशत, तथा पूर्वाधार तथा संरचना बिकास तर्फ गत आ.व.मा ६८.६६ प्रतिशत प्रगति हासिल भएको छ । उक्त प्रगति विवरण अघिल्लो आ.व.को तुलनामा सन्तोष जनक भएता पनि पूर्णत सन्तुष्ट हुने अवस्था भने होइन । आर्थिक अभावले साना योजना पनि बहुबर्षिय रुपमा सञ्चालन गरिनु, ठेक्का प्रणालीबाट भएका योजनाहरू समयमा सम्पन्न हुन नसक्नु, आर्थिक बर्षको अन्त्यमा निर्माण सामग्रीको अभाव लगायतका कारणले योजनाहरू समयमा सम्पन्न नभईपूर्वाधार तथा संरचना विकास तर्फ न्यून प्रगति देखिएको हो ।

चालु खर्च तर्फ आ.व. ०७२/०७३ मा उप-महानगरपालिकामा आर्थिक अनुशासनको पालनामा गरिएको कडाई समेत कारणले जम्मा रु ८ करोड ८६ लाख ९९ हजार खर्च हुन पुगेको छ । जसमा तलव तथा सुबिधा तर्फ रु ६ करोड ११ लाख ४६ हजार, कार्यालय सञ्चालन खर्च रु २ करोड २२ लाख ४३ हजार, र व्याज भुक्तानीमा ५३ लाख १० हजार खर्च भएको छ । आ.व. ०७२।७३ को चालु खर्च अघिल्लो आ.व.को चालु खर्चको तुलनामा करिव रु ६४ लाख ०४ हजार मात्र बढी छ ।

**आर्थिक अनुशासनतर्फः**

नगरपालिकाको स्थापनाकाल देखिको विभिन्न समयमा कायम भएका पेश्की वेरुजु फछ्र्यौट हुन नसकी वेरुजुको अभिलेख सधैं उच्च रहने गरेको छ । यसको फछ्र्यौटमा पर्याप्त र प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न सकिएको छैन । आर्थिक बर्षको सीमामा रही पेश्कीलाई समयमा फछ्र्यौट गर्न नसक्दा सालवसाली वेरुजु कायम रहने र त्यसको ठूलो अंश अर्को आर्थिक बर्षमा फछ्र्यौटसमेत हुने गरेको अवस्था विद्यमान छ ।

गत आ.व. ०७२/०७३ मा पर्याप्त निकासा प्राप्त नभएको कारणले वहुवर्षीय योजना सञ्चालन गरिनु, उपभोक्ता समिति मार्फत भएका कार्यहरू समयमा सम्पन्न नहुनु, वैंक मार्फत वितरण गरिएको सामाजिक सुरक्षा भत्ताको भर्पाई समयमा उपलब्ध नभएकोले बैंकको नाममा रहेको पेश्की फछ्र्यौट नहुनु, ठेक्काबाट भएका योजनाहरू पनि निर्माण सामग्री अभावको कारणले समयमा कार्य सम्पन्न हुन नसक्नुले आ.व. को अन्त्यमा ठूलो रकम पेश्की बाँकी देखिन आयो ।

आ.व. ०७१/०७२ को अन्त्यमा रु ८ करोड ४८ लाख ५२ हजार रहेको वेरुजुमा आ.व. ०७२/०७३ मा रु ४ करोड ८४ लाख ८७ हजार फछ्र्यौट भई गत वर्षको पेश्की फछ्र्यौटमा ५७ प्रतिशत प्रगति भएको छ । विगत वर्षको वेरुजु रु ४ करोड ८४ लाख ८७ हजारमा रहेकोमा आ.व. ०७२/७३ मा रु ८ करोड ५५ लाख ७१ हजार ७ सय ७८ पैसा ७८ पेश्की वेरुजु थप भएको छ । यसरी आ.व. ०७२/०७३ सम्म कुल पेश्की तथा वेरुजु रु १२ करोड ०९ लाख ५२ हजार ५ सय ३० पैसा ४५ बाँकी रहेको अवस्था छ । पेश्की फछ्र्यौट कार्यलाई प्राथमिकता दिई यसका लागि पेश्की वेरुजु फछ्र्यौट कार्यदल गठन गरी कार्य गरी रहेकोमा यसलाई अझ प्रभावकारी ढंगले क्रियाशील गराई पेश्की तथा वेरुजु न्युनीकरण गरिँदै लगिने छ । गत आ.व.को अन्त्यमा कायम भएको पेश्की वेरुजुको ठुलो अंश चालु आ.व.को प्रथम ५ महिनामा फछ्र्यौट भैसकेको छ ।

**हाम्रा प्रयास, उपलब्धी तथा सिकाईहरू**

स्थानीय आर्थिक विकास, सेवा प्रवाह सुधार तथा दीगो विकासका मूल्य र मान्यतालाई केन्द्रमा राखी विगतबाट थालनी गरिएका हाम्रा प्रयासले मिश्रीत उपलब्धी हासिल गरेको हाम्रो विश्लेषण रहेको छ । सीमित श्रोत साधन तथा पूर्वाधार निर्माण तथा विकासको उच्च लागतका कारणले विकासको गति सन्तोषजनक बन्न भने सकेको छैन, तर विकास प्रति समुदायको चासो तथा अग्रसरता र सामुहिकताको भावनाले हामीलाई निराश हुन दिएको छैन । विगत तथा चालु आर्थिक बर्षमा हामीले लिएका नीतिहरू कार्यान्वयनको अवस्था निम्नानुसार छः

१. उप-महानगरबासी खासगरी उमनपाको विस्तारित क्षेत्रका बासिन्दाहरूको आग्रह बमोजिम चालु आर्थिक बर्षमा एक थान ग्रेडर खरिदको पक्रिया अन्तिम चरणमा पुगेको छ । अवको केही महिनामा नै हामीले नयाँ ग्रेडरबाट सडक निर्माण तथा मर्मतका कार्यहरू सम्पादन गर्नेछौं ।
२. आम नगरबासीलाई सेवा तथा सूचना दिने प्रयोजनको लागि उमनपाले मोवाइल एप सञ्चालनमा ल्याएको छ । भरतपुरबासी आदरणीय नागरिकहरूलाई उमनपाबाट जारी गरिने सेवा तथा सेवा लिन सम्पर्क राख्नु पर्ने स्थानहरू एवं सूचना तथा सार्वजनिक जानकारीका विषयहरूको अलावा सर्वसाधारणको दैनिकीसँग जोडिएका विविध विषयहरू यस एप मार्फत नगरबासीको हात हातमा पुऱ्याईएको छ । यसबाट सरकारी संरचना, कार्यप्रणाली तथा सेवा प्रवाहप्रति निरपेक्ष रहेका युवा वर्गलाई प्रविधिको सहयोगमा सरकारी संरचना तथा संयन्त्रसँग जोड्न सकिने विश्वास हामीले लिएका छौं । मोवाइल एप आफैंमा जीवन्त प्रविधि हो । यसलाई प्राविधिक रुपमा थप सक्षम बनाउने कार्यमा आगामी दिनमा उमनपा प्रयत्नशील रहनेछ ।
३. सरसफाईमा दुई थान आधुनिक कम्प्याक्टर खरिद गरी सञ्चालन गरिएको छ । यसबाट विगतमा ट्याक्टर मार्फत दिदै आएको सरसफाई सेवामा गुणात्मक सुधार आएको तथा सेवामा प्रभावकारिता हासिल भएको देखिएको छ । यसै गरी सरसफाई कार्यमा सार्वजनिक निजी साझेदारीमा उमनपालाई ३ क्षेत्रमा विभाजन गरी २ वटा क्षेत्रमा निजी क्षेत्रका कम्पनीहरू र एउटा क्षेत्रमा उमनपा स्वयं सेवा प्रदायकको रुपमा सरिक

भै सार्वजनिक सेवाको सह-उत्पादन तथा सह-वितरणको अभ्यास गरिएको छ । तीनवटा संस्थाको स्वस्थ प्रतिस्पर्धाबाट सेवा प्रवाहमा प्रभावकारीता आउने कुरामा उमनपा विश्वस्त रहेको छ ।

४. उमनपाका सरोकारवालाहरू खासगरी टोल विकास संस्था, वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, अन्य सरोकारवाला निकायहरू तथा उमनपाका सवै कर्मचारीहरूको क्षमता विकासमा योगदान गर्न 'क्षमता विकास केन्द्र'को थालनी गरिएको छ । हाल एउटा सानो तालीम हलबाट सेवा आरम्भ गरिएको यस केन्द्रलाई आगामी दिनमा विकास तथा विस्तार गरी सवै नगरबासीको लागि ज्ञान र सिप हासिल गर्ने स्थानको रुपमा स्थापित गरिनेछ ।

५. अनुसन्धान र विकास मार्फत चितवनको आर्थिक विकासमा योगदान गर्न मद्दत गर्ने उद्देश्यले चितवनको विकासका विविध आयामहरू समेटिएको अनुसन्धनात्मक जर्नल प्रकाशनको थालनी गरिएको छ । यस कार्यमा विश्वविद्यालयका प्राध्यापकहरू तथा अनुसन्धानमा रुची राख्ने विद्यार्थीहरू समेत संलग्न भएका छन् । चितवनको विकासमा रुची राख्ने सवै ब्यक्ति तथा संस्थाको लागि उक्त सामाग्री उपयोगी हुने विश्वास उमनपाले लिएको छ ।

६. विभिन्न सामाजिक संघ संस्थाहरूलाई सर सहयोग गर्ने उमनपा नै कतिपय अवस्थामा कमजोर क्षमतामा सञ्चालन भै रहेको अवस्था समेतलाई विचार गरी उमनपामा ब्यवस्थित तथा प्रविधि जडित वैठक कक्षको निर्माण गरिएको छ र सभाकक्षको पुनःनिर्माण थालनी गरिएको छ ।

७. सुशासनको प्रवर्द्धन गर्न तथा कार्यालयको काम कारवाहीमा पारदर्शिता बृद्धि गर्न कार्यालयमा सेवाग्राहीको ज्यादा चाप हुने शाखाहरूमा सिसिटिभि जडान गरिएको तथा यसमार्फत निगरानी र नियन्त्रणको थालनी गरिएको छ । विद्युत्तीय हाजिरी तथा सिसिटिभि जडानले कार्यालयमा कर्मचारीको उपस्थिति तथा सेवाग्राही संगको ब्यवहारमा सकारात्मक परिवर्तन आएको विश्वास कार्यालयले लिएको छ ।

८. कार्यालयबाट प्रदान गरिने सेवालाई जनताको नजिक लैजाने अभियान स्वरुप ३ वटा सेवा केन्द्रहरूको स्थापना र सञ्चालन गरिएको छ भने २ वटा सेवा केन्द्र यसै आर्थिक बर्षमा थप गरिने कार्यक्रम रहेको छ । विविध सिफारिशहरू, आधारभूत सेवा तथा करदस्तुर वुझाउने जस्ता कार्यको लागि उपमहानगरपालिकाको केन्द्रीय कार्यालयसम्म आउनु पर्ने बाध्यता यसबाट अन्त्य भएको छ ।

९. उमनपामा स्ट्रक्चरल इन्जिनियर, अर्वन प्लानर, सर्वेक्षक लगायतका पदहरू सिर्जना तथा खुला प्रतिस्पर्धा मार्फत पदपूर्ति गरी दक्ष जनशक्ति आपूर्ति गरिएको छ । उमनपाको प्राविधिक जनशक्ति यस सहरलाई महानगरमा स्तरोन्नति गरिएको अवस्थामा समेत सहज ब्यवस्थापन गर्न सक्ने गरी बलियो बनाइएको छ ।

१०. उमनपाले सहरी योजना, बस्ती विकास तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड जारी गरी कार्यान्वयन गरेको छ । सहरी सडकको मापदण्ड लागू गर्ने एवं विल्डिङ कोडको पालनामा यस अघि नै अग्र स्थानमा रहेको भरतपुर पछिल्ला नीतिहरू मार्फत नेपालमै अग्रणी रहेको र हाम्रो अभ्यास तथा अनुभवबाट अरुले पाठ सिक्न सक्ने अवस्था विकास भएको छ ।

११. भरतपुर उमनपाले अन्तराष्ट्रिय मञ्चमा आफुलाई उपस्थित गराउने पहल गरिरहेको छ । हालै यस उमनपालाई World E-Government Organization (WeGO) को पूर्ण सदस्यता प्राप्त भएको छ । यस पूर्व नै CITY-NET को सदस्य रहेको यस उमनपाको, मित्र राष्ट्र चिनको Hi Sea,Qinghai प्रान्तको Geermu City संग भगिनी सम्बन्ध स्थापना गर्ने समझदारी तथा सोही प्रान्तको Xining सँग मित्र-सहरको सम्बन्ध स्थापित भै सकेको छ ।

१२. हालै मात्र नक्सा तथा अन्य अभिलेख राख्नको लागि यसै परिसरमा अभिलेख शाखा भवन निर्माण सम्पन्न गरिएको छ । यस भवनलाई Load Bearing प्रविधिको प्रयोग गरी भूकम्प प्रतिरोधी बनाईएको छ र यो एउटा Demonstration Project पनि हो । यसै गरी पुराना संरचनालाई भूकम्प प्रतिरोधी बनाउने तरिका सिकाउने प्रयोजनको लागि भूकम्प प्रविधि राष्ट्रिय सहयोग केन्द्रको प्राविधिक सहयोगमा वडा नं. ६ को कार्यालय भवनलाई Retrofitting गरिँदैछ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू एवं उपस्थित विशिष्ट महानुभावहरू**

अव म सार्वजनिक सेवा प्रवाह तथा विकास व्यवस्थापनका सम्बन्धमा हामीले अनुभूत गरेका केही विषयहरूमा ध्यानाकर्षण गराउँदै हाम्रा केही अपेक्षाहरू राख्न चाहन्छु :

१. साविकमा गाविसले एउटा स्वन्तन्त्र निकायको रुपमा प्रदान गरेका केही सेवाहरू हाल उपमहानगरले आफ्ना इकाई मार्फत प्रदान गर्न कानूनतः नमिल्ने भै उमनपाको विस्तारित क्षेत्रका सेवाग्राहीमा केही असन्तुष्टि तथा आग्रह रहेको देखियो । नक्सा स्वीकृत गर्ने, नाता प्रमाणित गर्ने तथा लेखा श्रेस्ता केन्द्रीय रुपमा राख्नु पर्ने व्यवस्थापकीय प्रवन्धको कारणले सदिच्छा हुँदा हुँदै पनि पूर्ण विकेन्द्रीत रुपमा सेवा प्रवाह गर्न सकिएको अवस्था छैन । स्थानीय स्वायत्त शासन ऐनका उक्त प्रावधानहरूको सामयिक पुनरावलोकन आवश्यक देखिएको छ ।

२. सेवा प्रवाह गर्ने पहिलो पंक्तिमा अवस्थित स्थानीय निकायहरूको महत्वपूर्ण कार्य जिम्मेबारीहरू मध्ये मुलतः सेवाग्राहीहरूलाई स्तरीय, अनुमान योग्य तथा भरपर्दो सेवा प्रवाह गर्नु पहिलो कर्तव्य हो । केही संरचनात्मक तथा पद्धतिसम्वत अवरोधहरूको कारणले गर्दा सेवा प्रवाहलाई प्रभावकारी बनाउन सकिएको छैन, जसको अपजस् अन्ततः सरकारको प्रभावकारीतासँग समेत जोडिन पुग्दछ । आफ्नो पूर्ण स्वामित्व नभएको जग्गा, ऐलानी, पर्ति तथा सार्वजनिक वा सरकारी जग्गामा अस्थायी रुपले बसोबास गरिरहेका नागरिकहरूलाई घर नक्सा तथा धारा वत्ती जडानको सिफारिश गर्ने वा नगर्ने द्विविधा यसको एउटा उदाहरण हो । यसै गरी बसाई सराईं नगरेका वा बसाई सराई गर्न अनिच्छुक तर रोजगारी वा अन्य कारणहरूले गर्दा सहरी क्षेत्रमा वसोवास गर्ने नागरिकहरूलाई सेवा वितरणमा अस्पष्टताको कारणले सेवा वितरण कतै सरकारी अधिकारीको तजविज जस्तो देखिनु यसको अर्को उदाहरण हो । यस्ता समस्याको स्थायी निराकरणले सुशासनको प्रवर्द्धन तथा सेवाको सुनिश्चिततामा योगदान गर्ने हुन जान्छ ।

३. नेपाल सरकारले जारी गरेको बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्डले सार्वजनिक, ऐलानी तथा पर्ति जग्गामा भवन निर्माण गर्न प्रतिवन्धित गरेको छ । यो प्रावधान संघ-संस्थाको लागि मात्र होइन, स्वयं सरकारको लागि पनि लागू हुने व्यवस्था छ । विगतमा सार्वजनिक जग्गाको रेखदेख गर्ने तथा संघ संस्थालाई भोगाधिकार दिने जिम्मेबारी पाएको नगरपालिका आज आफ्नै वडा कार्यालय भवन निर्माण गर्नु पर्दा वा खानेपानीका ट्याङ्की जस्ता पूर्वाधार बनाउनु पर्दा जग्गा किन्नु पर्ने अवस्थामा पुगेको र जग्गा खरिदले विकासको लागत वढाएको अवस्था छ । एकैसाथ १० वटा वडा कार्यालय भवन निर्माण गर्नु पर्ने दायित्वले थिचिएको यस उमनपाले जग्गाको अभावमा वडा विस्तार गर्न सकेको छैन । अतः उक्त नीतिमा सामान्य लचकताको लागि सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष विनम्र अनुरोध गर्दछु ।

४. जननिर्वाचित सरकारको रुपमा जनताको सवैभन्दा नजिक रही सेवा प्रवाह र विकास व्यवस्थापन गर्ने नगरपालिका जस्ता निकायहरू स्थानीय विकास तथा व्यवस्थापनका हरेक सवालमा शक्तिशाली

तथा प्रभावकारी रहनु पर्नेमा विगतमा यस तर्फ हाम्रो पर्याप्त ध्यान जान सकेन । भरतपुरको हकमा पनि उपमहानगरपालिकाको यो केन्द्रीय कार्यालय बाहेक उमनपाको स्वामित्वमा अन्य महत्वपूर्ण जग्गा जमीनको अभाव रहेको अवस्था छ । त्यसैले उपमहानगरस्तरीय ठूला पूर्वाधारहरूको निर्माणमा अन्य निकायहरूसँग साझेदारी गर्नु पर्ने बाध्यात्मक अवस्था आईपरेको छ । यसै तथ्यलाई हृदयंगम गरी सभा सम्मेलन भवन निर्माणको लागि नारायणी कला मन्दिरसँग, फुटवल स्टेडियम निर्माणको लागि बालकुमारी उच्च मा.वि.सँग, क्रिकेट स्टेडियमको लागि बिरेन्द्र बहुमुखी क्याम्पससँग तथा प्रदर्शनी केन्द्र निर्माणको लागि चितवन उद्योग संघसँग साझेदारी गर्न उमनपाले प्रारम्भिक तहको छलफल चलाई रहेको छ । आन्तरिक आय बृद्धि, वचत तथा ऋण समेतबाट स्रोतको व्यवस्थापन गर्न सकिने भएमा पनि जग्गाको अभावमा ठूला पूर्वाधार संरचनाको निर्माण दुरुह बन्न जाने देखिन्छ ।

५. माथि उल्लिखित मध्ये केही तथा अन्य आवश्यक संरचना निर्माणको लागि उमनपाको व्यवस्थापनमा हस्तान्तरण गर्न भनी माग गरिएको नेपाल ट्रष्टको आपटारी स्थित दियालो वंगला अगाडिको जग्गा नितान्त व्यवसायिक रुपमा भाडामा लगाउने गरी प्रकृया अगाडि वढेकोले सो प्रकृया तथा भएको सम्झौता रद्द गरी ट्रष्टको उद्देश्यको प्रतिकुल नहुने गरी उमनपालाई दीर्घकालीन लिजमा उपलब्ध गराउन नेपाल ट्रष्ट, तथा संरक्षक सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष सादर अनुरोध गरिएको छ ।

६. विकास व्यवस्थापनको सन्दर्भमा कमजोर तयारीलाई नेपालको प्रथम चुनौतिको रुपमा स्वीकार गर्ने गरिएको छ । यसै तथ्यलाई हृदयंगम गरी भरतपुर उमनपाले संभाव्यता अध्ययन गरी, विस्तृत परियोजना प्रतिवेदन समेत बनाई तयारी अवस्थामा रहेका आयोजनाहरूको सूची (Project Bank) तैयार गरेको छ । शिघ्र प्रतिफल पाउने वा पूँजीगत रकम खर्च गर्न सक्नेगरी तयारी अवस्थामा रहेका यस्ता योजनाहरूमा लगानी अभावमा उमनपाले पर्याप्त श्रोत विनियोजन गर्न भने सकेको छैन । चितवनको सन्दर्भमा यो हाम्रो प्राथमिकताको सूची समेत हो । केन्द्रीय योजना तर्जुमा गर्दा उक्त सूचीलाई महत्वकासाथ लिइदिन सम्माननीय प्रधानमन्त्रीज्यूको विनम्रतापूर्वक ध्यानाकर्षण गराउँदछु ।

७. व्यवस्थित ल्याण्ड फिल्ड साइट निर्माणको लागि यस उमनपाले नेपाल सरकारसँग गरेको संझौता वमोजिम श्री जलदेवी सामुदायिक बन क्षेत्रमा प्राप्त गरेको १५ विघा जग्गासँग सम्बन्धित सम्झौतामा उमनपाले बार्षिक रुपमा रोयल्टि तिर्नु पर्ने, सञ्चालन पश्चात निर्मित संरचना सरकारलाई फिर्ता गर्नु पर्ने तथा सम्झौताको अवधि लगायतका केही शर्तहरू हामीले गर्न खोजेको कामसँग सामञ्जस्य नहुने प्रकृतिका देखिएकोले यस्ता शर्तहरू संशोधन गर्नु पर्ने देखिएको छ ।

८. सहरको केन्द्र भागमा सार्वजनिक शौचालयको आवश्यकता र माग रहने तर निर्माण गरिने जग्गाको अभावमा यस्ता संरचना बनाउन नसकिएको वर्तमान अवस्थामा सार्वजनिक, पर्ति, सडक तथा नहरको किनार, खोलाको छेउ तथा पुल एवं कल्भर्ट मुनिको खाली क्षेत्र जस्ता स्थानमा सार्वजनिक शौचालय निर्माण गर्न सकिने गरी नीतिगत व्यवस्था गरिनु मनासिव हुने देखिन्छ ।

९. स्थानीय स्वास्थ्य शासन कार्यक्रम मार्फत संचालित रहेका नगर स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकीहरूको व्यवस्थापनमा नगरपालिकाहरूलाई चालु खर्चमा चाप पर्ने गरी निर्धारण गरिएको कार्यविधिमा पुनरावलोकन आवश्यक देखिएको छ । कार्यरत पूर्णकालीन कर्मचारीहरूलाई सरकारले तोकेको स्केल बमोजिम तलव सुविधाको प्रत्याभूति नहुनु, ल्याव सञ्चालन खर्चको अभाव एवं स्वास्थ्य चौकीहरूमा कार्यालय सहयोगीको दरवन्दी उपलब्ध नहुँदा यस्तो अवस्था सिर्जना भएको हो ।

१०. तिव्र सहरीकरणलाई व्यवस्थापन गर्न, पूर्वाधार संरचनाहरू सोही वमोजिम निर्माण गर्न एवं चितवनको आर्थिक विकासमा टेवा दिन भरतपुरको पूर्व तथा पश्चिम दुवै तर्फ वाईपास सडक एवं भरतपुर तथा गैंडाकोट जोड्ने गरी नारायणी नदीमा बैकल्पिक पुलको आवश्यकता महशुस गरिएको छ ।

११. जंगली जनावर तथा स्थानीयबासीहरू बीचको द्वन्द कम गर्नु नितान्त आवश्यक देखिएको छ । निकुञ्च तथा बस्तीको बीचको ५० कि.मी. भन्दा लामो क्षेत्रमा सुरक्षीत तारबारको लागि स्थानीय बासिन्दाबाट जोडदार माग भै रहेको तर्फ कार्यक्रममा प्रमुख अतिथिज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । उमनपाको तर्फबाट लागत सहभागिता गर्न तथा नमूनाको रुपमा कार्य गर्न आगामी आ.व.मा रु ६० लाख वजेट विनियोजन गरिएको छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू एवं उपस्थित विशिष्ट महानुभावहरू:**

आ.व.०७४/७५को वजेट तर्जुमा गर्दा देहायका विषयहरूलाई प्रमुख नीतिगत मार्गदर्शनको रुपमा अवलम्बन गरिएको छ :

- चौधौं योजनाको आधारपत्रले लिएका उद्देश्य तथा गरिवी निवारण, पूर्वाधारको विकास, सुशासन, सेवा प्रवाह तथा स्थानीय निकायले हासिल गर्नुपर्ने भनी निर्धारण गरिएका सूचक र ती सूचकहरूलाई परिपूर्ति गर्ने खालका कार्यक्रमहरू ।
- स्थानीय स्वायत्त शासन ऐन, नियमावली, स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ आदिले परिलक्षीत गरेका विषयहरू ।
- नेपाल सरकार, राष्ट्रिय योजना आयोग, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं जिल्ला विकास समिति, चितवनबाट प्राप्त वजेट सिलिङ, मार्गदर्शन एवम् निर्देशनहरू ।
- सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र उमनपाका कार्यकारी अधिकृतबीच सम्पन्न कार्यसम्पादन सम्झौताले परिलक्षीत गरेका सुचकहरू ।
- संस्थागत सुशासन, उत्तरदायित्व एवम् जवाफदेहीता सुनिश्चित गर्न आयोजना गरिएका सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई, गुनासो सुनुवाई, नागरिक सर्वेक्षण, आवधिक समीक्षा आदिको निश्कर्ष तथा प्राप्त पृष्ठपोषण ।
- उप-महानगरपालिकाको संस्थागत क्षमता विकासको लागि तर्जुमा गरिएका विविध नीति दस्तावेजहरू, अध्ययन प्रतिवेदनहरू तथा योजना/गुरुयोजनाहरू ।

**सम्माननीय प्रधानमन्त्रीज्यू एवं उपस्थित विशिष्ट महानुभावहरू** :

अव म यस नगरपरिषद् मार्फत हामीले उच्च महत्व दिएका केही विषयहरूको बारेमा प्रकाश पार्न चाहन्छु :

१. यस उपमहानगरपालिकामा विकासप्रति स्थानीयको चासो र सरोकार अतुलनीय रहेको ब्यहोरा अनुरोध गर्न चाहन्छु । जनसहभागितामा आधारित विकास प्रकृयाको लागि भरतपुर एउटा अद्भूत सिकाईको थलो बन्न गएको छ । ७० प्रतिशतसम्म जनसहभागिता जुटाई यहाँका टोल तथा उपभोक्ताहरू विकास योजनाको माग गरिरहेका छन् । परीक्षणको रुपमा चालु आर्थिक बर्षमा जनताले ७० प्रतिशत लगानी जुटाई बाँकी रकमको लागि योजना माग गरेमा मागेकै दिनमा योजना स्वीकृत गर्ने नीति लिई सार्वजनिक सूचना मार्फत आह्वान

गर्दा अनुमान भन्दा तीन गुणा वढि माग संकलन भएकोले हामी आश्चर्य चकित भएका छौं । जनतामा विकासको प्यास मापन गर्ने यो भन्दा भरपर्दो अर्को सूचक के नै हुन सक्ला र ? पूँजीगत वजेट खर्च गर्न नसकेको समग्र राष्ट्रिय परिप्रेक्ष्यमा यस उमनपाले थप अनुदानहरू प्राप्त गरेको अवस्थामा सोही परिपाटिबाट जनताको घर आगनमा विकास पुऱ्याउने बचनबद्धता यसै मञ्चबाट ब्यक्त गर्न चाहन्छु । उक्त नीतिलाई आवश्यक संशोधन सहित आगामी आ.व. मा पनि निरन्तरता दिईने छ, र यस प्रयोजनको लागि रु ७५ लाख विनियोजन गरिएको छ ।

२. सडकहरूको निर्माण, विस्तार तथा मर्मत हुदै जाने तर पुलहरू क्रमश साँघुरा हुदै गएको, जीर्ण हुँदै गएको वा पुनः निर्माण गर्नुपर्ने अवस्थामा पुगेको तथ्यलाई ध्यानमा राखी आगामी आर्थिक बर्षबाट उमनपा क्षेत्रमा बार्षिक एउटा ठूलो पुल तथा २ वटा कल्भर्टहरू निर्माण गर्ने नीति लिइएको छ। यस प्रयोजनको लागि रु ७० लाख विनियोजन गरिएको छ। यसै गरी आकस्मिक सडक मर्मत सम्भारको कार्य गर्न ७५ लाख विनियोजन गरेको छु। यसबाट भरतपुरको शहरी सडकहरू विग्रनुपूर्व नै मर्मत सम्भार तथा बर्सात पछि मर्मत सम्भार भई शहरको सुन्दरता वृद्धि गर्दै दुर्घटना न्यूनिकरणमा योगदान पुग्ने विश्वास लिएको छु। यसै गरी ग्रावेल सडकको आकस्मिक मर्मतको लागि २५ लाख बिनियोजन गरिएको छ।

३. यस उमनपाको वडा नं. ४ स्थीय उमनपाको नाममा दर्ता कायम रहेको अनुमानित २ विघा जग्गालाई Auto Land को रुपमा विकास गर्ने नीति निर्धारण गरिएको छ । उक्त स्थान सम्म पहूँच मार्ग तथा प्रारम्भिक वातावरणीय परिक्षणको लागि चालु आर्थिक बर्षमा रु २० लाख तथा आगामी बर्ष पूर्वाधार निर्माणको लागि रु ५० लाख विनियोजन गरिएको छ। Auto Workshop हरूलाई सहकारीमा आवद्ध गरी उनिहरूको समेत लगानी सुनिश्चित गरी सहलगानीको योजनाको रुपमा यस आयोजनाको विकास गरिने छ।

४. यस उपमहानगरपालिकाले हाल लायन्स चोकमा सञ्चालन गरेको सब्जी मण्डी साँघुरो भएको, पार्किङको समस्या रहेको तथा थोक र खुद्रा विक्रिको लागि स्थान अभाव भएको समेत आधारमा, तथा ब्यवसायिक हिसावले सहरको केन्द्रमा रहेको उक्त स्थानबाट थप लाभ लिन सकिने तथ्यलाई आधार मानी नगर विकास कोषको ऋृण सहयोगमा वहुतल्लायुक्त सब्जी मण्डीको निर्माण गर्ने नीति लिइएको छ । यसमा Underground Parking, २ तल्ला मण्डी तथा त्यस माथि ब्यवसायिक स्थान वा नगरपालिकाको सेवा केन्द्र लगायतका संरचनाहरू स्थापना र सञ्चालन गरिनेछ। प्रस्तुत योजनाको चालु आर्थिक बर्षमा संभाब्यता अध्ययन सम्पन्न गरी आगामी आर्थिक बर्ष ठेक्का बन्दोबस्त गर्ने गरी समपुरक कोष स्वरुप ५० लाख विनियोजन गरिएको छ।

५. सार्वजनिक ब्यवस्थापनमा निजी क्षेत्रको भूमिका बृद्धि गरी लगानी तथा स्रोतको अभाव पूर्ति गर्ने तथा जोखिमको बाँडफाँड गर्ने प्रयोजनको लागि १० वटा कार्य सार्वजनिक निजी साझेदारीमा सम्पादन गर्ने गरी परामर्शदाताको छनौट गरी कार्यारम्भ भएको छ । यस टिमले फोहरमैला ब्यवस्थापनको एउटा कार्य सम्पन्न गरेको छ र हाल यो टिम सडक वत्ति व्यवस्थापन, निजी लगानीमा सौर्य सडक वत्ति जडान तथा यात्रु प्रतिक्षालयको निर्माण लगायतका कार्यहरूको परियोजना प्रतिवेदन तैयार गरी रहेको छ। आगामी केही महिनामा थप कार्यहरू समेत यस अवधारणा वमोजिम अगाडि वढाईने छ।

६. योजनाबद्ध विकासको मार्गमा भरतपुरलाई डोहोऱ्याउने क्रममा नगर यातायात गुरुयोजना MTMP तर्जुमा गरिएको छ। प्रस्तुत गुरुयोजनाले नगर भित्रका सडकहरूको वर्गीकरण, सडक अधिकार क्षेत्र निर्धारण तथा समन्वयात्मक विकासमा मद्दत गर्ने विश्वास लिइएको छ। यसै गरी वृहत सहरी विकास योजना तर्जुमाको

लागि कार्य क्षेत्रगत शर्त (TOR )हालै प्राप्त भएकोले परामर्शदाताको छनौटको लागि बोलपत्रको तैयारी भै रहेको छ । यस प्रयोजनको चालु तथा आगामी आर्थिक बर्षमा दायित्व भूक्तानी गर्ने गरी रु २५ लाख विनियोजन गरिएको छ ।

७. विगत धेरै वर्ष अगाडि देखि चक्रपथ निर्माण अवधारणा आएपनि हालसम्म यसको ठोस शुरुवात भएको छैन । नगर यातायात गुरुयोजना मार्फत चक्रपथको प्रारम्भिक रेखाङ्कन सम्पन्न गरिएको छ र चालु आर्थिक बर्षमा यसको विस्तृत परियोजना प्रतिवेदन तैयार हुनेछ । आगामी बर्ष यस सडकको निर्माणको लागि रु ५० लाख विनियोजन गरिएको छ ।

८. उमनपाले कुनै उपयुक्त स्थानमा राष्ट्रियस्तरको सभा सम्मेलन भवन निर्माण गर्ने नीति लिएको छ । वहुवर्षीय योजनाको रुपमा रहने यस योजनाको लागि जग्गा पहिचान गरी विस्तृत परियोजना प्रतिवेदन चालु आर्थिक बर्षमा तयार गर्न वजेट विनियोजन भएकै छ । उक्त परियोजनाको निर्माण थालनी गर्न समपुरक कोषको रुपमा आगामी आर्थिक बर्षमा रु ५० लाख विनियोजन गरिएको छ । यसैगरी पुल्चोक दक्षिणको नारायणी नदी किनारको सौन्दर्य बृद्धि तथा हाल उमनपाले Land Field Site को रुपमा प्रयोग गरिरहेको पहूँच मार्गको रुपमा रहेको सडकको स्तरोन्नतिको लागि रु ५० लाख विनियोजन गरिएको छ ।

९. नक्सा नियमित गर्ने, अभिलेखीकरण गर्ने लगायतका विषयमा चालु आर्थिक बर्षको पौष मसान्त सम्मको म्याद दिने गरी निर्धारण गरिएका नीतिहरूलाई मिति २०७३ चैत्र २५ गते सम्मको लागि विस्तार गर्ने नीतिगत निर्णय गरिएको छ । उक्त अवधिमा तोकिएको सवै कार्य सम्पन्न गर्न व्यवहारिक रुपमा संभव नदेखिएको कारणले अर्को एक बर्षको म्याद थप गरिदिने सम्बन्धी नीतिगत निर्णयको लागि नेपाल सरकार, सहरी विकास मन्त्रालय तथा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गरिनेछ ।

१०. यस उमनपालाई वि.सं. २०७६ सम्ममा बाल मैत्री नगर बनाउने अभियान तथा अठोटका साथ विविध कार्यक्रमहरू सञ्चालनमा रहेकोमा यस अभियानमा समाजका सवै वर्ग र समुदायहरू हातेमालो गरी परिचालित भएको समेत कारणले उमनपाले यो लक्ष्यलाई एक बर्ष अगावै अर्थात वि.सं. २०७५ सम्ममा नै हासिल गर्ने अठोट गरी उक्त समय सीमा पुनरावलोकन गरिएको छ ।

११. नेपाल सरकारको नीति बमोजिम उप-महानगरपालिकाबाट नगरबासीहरूको आधारभूत स्वास्थ्य सेवामा पहूँच पुऱ्याउने हेतुले प्रत्येक वडामा क्रमशः नगर स्वास्थ्य केन्द्र स्थापना र सञ्चालन गर्ने नीति लिईएको छ । यस आ.व. बाटै वडा नं. ११ मा थप एक नगर स्वास्थ्य केन्द्र स्थापना गरी सेवा विस्तार हुँदै छ । नगर स्वास्थ्य केन्द्रको सञ्चालन, स्वास्थ्य चौकी तथा उपस्वास्थ्य चौकी सञ्चालन, यी संस्थामा कार्यरत कर्मचारीको क्षमता विकास, महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास, नेपाल क्षयरोग निवारण संस्थाको क्षमता विकास, HIV/AIDS प्रभावितहरूका लागि लक्षीत कार्यक्रम लयातका क्रियाकलाप सञ्चालन गर्ने गरी स्वास्थ्य क्षेत्र तर्फको बजेट चालु आ.व.मा रु १५ लाख रहेकोमा आगामी आ.व. मा त्यसमा बृद्धि गरी रु २३ लाख पुऱ्याईएको छ ।

१२. भरतपुर उपमहानगरपालिकामा बातावरणमैत्री स्थानीय शासन EFLG को कार्यक्रम कार्यान्वयनमा रहेको व्यहोरा यहाँहरूलाई विदितै छ । यस कार्यक्रमबाट सरसफाईका अभियान, सडक सौर्य वत्ती जडान, फोहरमैला व्यवस्थापनमा 3R जस्ता गतिविधि, पोखरी संरक्षण, सहरी सौन्दर्यीकरणका क्रियाकलाप तथा जनचेतना बृद्धि जस्ता क्रियाकलाप सञ्चालित छन् । नगरका सकृय टोल विकास संस्थाहरू यसका मुख्य लाभग्राही हुन् । तर आगामी आर्थिक बर्षबाट यो कार्यक्रमले निरन्तरता पाउने छैन । बार्षिक २ करोड भन्दा

ज्यादा रकम लगानी भै रहेको र बस्ती तथा टोल तहसम्म पहूँच स्थापना गर्न सफल कार्यक्रम नरहँदा यसले वृहत असर पार्ने देखिएको छ र उक्त असरलाई न्यूनिकरण गर्न EFLG Exit Plan स्वरुप हाल नगर पूर्वाधार तर्फको वजेटबाट सौर्य सडक वत्तीको लागि रु ५० लाख तथा ज्यादा जनसहभागिता जुट्ने अन्य क्रियाकलापलाई निरन्तरता दिने प्रयोजनको लागि रु २५ लाख विनियोजन गरिएको छ ।

१३. दातृ निकायको सहयोगमा सञ्चालित क्रियाकलापहरू सम्पन्न हुने तर नयाँ चरण थालनी नहुने कुरा EFLG कार्यक्रममा मात्रै सीमित रहेन । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम LGCDP पनि क्रमशः सानो सानो हुदै गएको छ तर रुपान्तरणीय सामाजिक परिचालन मार्फत जनताको अपेक्षा भने थपिदै गएको देखिन्छ। हरेक वडाका अति गरिवहरूको सघन बस्ति रहेका स्थानमा गठन गरिएका नागरिक सचेतना केन्द्र र ती केन्द्रहरूलाई दिइएका आय आर्जनका क्रियाकलापहरू समेत विस्थापित गरिनु न्यायोचित हुदैन । अतः उमनपाको आफ्नै स्रोतबाट यस्ता गतिविधिको निरन्तरताको लागि रु १५ लाख विनियोजन गरिएको छ ।

१४. नगर क्षेत्रभित्र यसै आर्थिक बर्ष देखि थप जग्गा विकास कार्यक्रम (Land Pooling) सञ्चालन गर्न पहल गरिने छ । यस्ता कार्यक्रमहरूलाई उक्त क्षेत्रको विकास समेत गर्ने गरी योगदानमा आधारित तथा साँध किलो मिलाउने गरी मात्र पनि सञ्चालन गर्न सकिने नीति लिइएको छ। अतः आफ्नो क्षेत्रमा यस प्रकारका जग्गा विकास कार्यक्रम कार्यान्वयन गर्न समुदायहरूलाई आग्रह गरिएको छ। चालु आ.व.मा वडा नं ६ र १३ आनन्दपुरमा यो कार्यक्रमको थालनी गरिने छ। उमनपाले ADB सँग ऋण लिई कृष्णपुरमा सञ्चालन गरेको जग्गा एकिकरण आयोजनाको घुम्तिकोषबाट रु एक करोड रकम यस आयोजनाको सञ्चालनको लागि परिचालन गरिनेछ ।

१५. कृषिको विशिष्टिकृत तथा पकेट क्षेत्रको रुपमा रहेको चितवनमा हाल जग्गा खण्डीकरण (प्लटिङ) को समस्याले कृषि भूमीको घडेरीकरणमा तिव्रता आएको र यसमा मापदण्ड पालनाको प्रश्न उठेपश्चात सर्व प्रथम यस विषयलाई नगर विकास समिति मार्फत सम्बोधन गर्ने प्रयास गरिएकोमा उक्त समितिका पदाधिकारीको पदावधि समाप्त भै निस्कृय रहेको सन्दर्भमा सवै सरोकारवालाहरूको उपस्थिति तथा छलफलबाट उमनपास्तरीय निर्णय गरी प्लटिङलाई ब्यवस्थित गरिएको छ। उक्त नीति तथा कानून कार्यान्वयन गर्ने मालपोत तथा नापी लगायतका कार्यालयहरूले सार्थक सहयोग गरेको अवस्थामा यो क्षेत्र ब्यवस्थित हुन पुग्ने छ।

१६. भरतपुर क्षेत्रको होचो, तर ज्यादा उर्भर कृषि भूमी जसलाई हामी बोलीचालीको भाषामा घोलहरू भन्दछौं, त्यस्ता घोलहरूमा आवास निर्माण गर्दा जोखिम ज्यादा हुने भएकोले यसलाई रोक्ने वा थप प्राविधिक मापदण्ड तोक्ने तैयारी उमनपाको छ। नेपाल सरकारले कानून तर्जुमा गरी भू-उपयोग योजनाको लागि स्पष्ट कानूनी आधार तयार नभएसम्म विपद् ब्यवस्थापनको प्रावधानलाई टेकेरै भने पनि घोल क्षेत्रको प्लटिङलाई रोक्ने वा ब्यवस्थित गर्ने प्रयास गरिने छ।

१७. प्रविधिलाई सेवा प्रवाह तथा अभिलेख ब्यवस्थापनको मेरुदण्ड बनाउने हाम्रो प्रयास जारी रहेको छ । फोहरमैला ब्यवस्थापनको सेवा लिई रहेका सम्पूर्ण सेवाग्राहीको कम्प्यूटीकृत अभिलेख तयार गर्ने कार्यको थालनी भएको छ । यसैगरी नगरपालिका स्थापना भएपश्चात हालसम्म स्वीकृत भएका सवै नक्सा कम्प्यूटरकृत गर्ने कार्य जारी रहेको छ । यसले हामीलाई दरिलो तथ्याङ्कीय आधार उपलब्ध गराउने छ र यसबाट कर चुहावट नियन्त्रणमा सहयोग पुग्नुका अलावा, यसको वहुउपयोग गर्ने नीति लिइनेछ ।

१८. जलदेबी समुदायिक बन नजीक ल्याण्ड फिल्ड साइट निर्माणको लागि नेपाल सरकार, बन विभागबाट भोगाधिकार प्राप्त भएको स्थानमा पूर्वाधार निर्माणको डिपिआर तयार गर्ने नीति रहेकोमा यसको लागि

फोहर मैला व्यवस्थापन प्राविधिक सहयोग केन्द्र लगायतका निकायसँग प्राविधिक सहयोग माग गरिएकोमा ठोष प्रगति हुन सकेको छैन । आगामी आ.व. मा उमनपाको आफ्नै स्रोतबाट विस्तृत परियोजना प्रतिवेदन तैयार गरिनेछ । यस प्रयोजनको लागि वातावरण तथा सरसफाई शिर्षकमा आवश्यक वजेटको व्यवस्था गरिएको छ ।

१९. फोहर मैला व्यवस्थापनमा हामीले प्रदुषण गर्नेले तिर्नु पर्ने Polluters Pay को नीति अख्तियार गरेका हौं तर हामीले अझसम्म यो नीतिको पूर्ण कार्यान्वयन गर्न सकेका छैनौं । चालु आर्थिक बर्षको हकमा सरसफाई शुल्कको आम्दानी तथा फोहरमैला व्यवस्थापनको खर्चको बीचमा अन्दाजी १.५ करोडको न्यून रहन गएको छ । उक्त रकम विकास निर्माणको स्रोत कटौति गरी पूर्ति गरिएको छ । त्यसैले, हामीले खर्च घटाउनु तथा आम्दानी बढाउनुको विकल्प छैन । यसै तथ्यलाई मनन् गरी, सरसफाई सेवा शुल्कको ७० प्रतिशत सम्बन्धित व्यवसायिलाई भुक्तानी गर्ने, बाँकी रकम उमनपाले तिर्ने, आगामी आ.व.हरूमा शुल्क असूलीको दायरा बृद्धि गर्दै उमनपाको भुक्तानी दायित्व घटाउँदै जाने र आगामी ३ बर्षमा सेवा शुल्कले नै यो खर्च पुऱ्याउने र ५ बर्षमा सरसफाईको सम्पूर्ण खर्च सेवा शुल्क मार्फत परिचालन गर्ने रणनीति उमनपाले लिएको छ ।

२०. कार्यालयको हाता भित्र बैंक काउण्टरको स्थापना गरी सेवाग्राहीले त्यसै काउण्टरमा नगद जम्मा गर्ने गरी सहजीकरणको लागि हामीले गरेको प्रयास सफल भएन । कर संकलनको लागि मात्रै काउण्टर स्थापना गर्न बैंकहरू इच्छुक भएनन् । तर हामी हतोत्साही भएका छैनौं । उमनपा यस भन्दा एक कदम अघि वढी एटिएम कार्डबाट यस्तो भुक्तानी गर्ने प्रविधिको स्थापनामा अग्रसर भै रहेको छ र हामी विश्वस्त छौं, हाम्रो प्रयास सार्थक हुनेछ ।

२१. विस्तारित वडाहरूमा अलग्गै वडा कार्यालयहरूको भवन निर्माणलाई प्राथमिकतामा राखिएको छ । एक बर्षमा एउटा वडा कार्यालय भवनको निर्माण तथा एउटा वडा कार्यालय भवनको मर्मत गर्ने नीतिलाई निरन्तरता दिइएको छ । यस प्रयोजनको लागि आगामी आ.व.मा रु ५० लाख वजेट विनियोजन गरिएको छ ।

२२. उमनपा विकास व्यवस्थापन तथा सेवा प्रवाह गर्ने निकाय मात्रै होइन, यो कानून कार्यान्वयन गर्ने गराउने निकाय पनि हो । कार्यस्थलमा खटिन हामीसँग नगर प्रहरीको एउटा टिम रहेको छ र उक्त टिमलाई स्रोत साधनले युक्त बनाउन उमनपा प्रयासरत छ । चालु आर्थिक बर्षमा नै नगर प्रहरीले प्रयोग गरिरहेको, दर्ता नं. नभएको भनी आलोचित भै रहेको सवारी साधन विस्थापित गरी बैकल्पिक व्यवस्था मिलाउने नीति लिइएको छ ।

२३. उपमहानगरपालिकाको यो परिसरमा हाल यसका विभिन्न इकाईहरू रहेका छन् । विकासको तिव्र गति, सेवाग्राहीको बढ्दो चाप, नगरपालिकाको स्तरोन्नति तथा थपिँदो जिम्मेबारी समेतलाई आधार मानी आगामी दिनमा यस परिसरलाई मूख्य कार्यालयको रुपमा सीमित गरी सेवा केन्द्रहरू मार्फत सेवा उपलब्ध गराउने, वारुणयन्त्र, नगर प्रहरी तथा सरसफाईका साधनहरूलाई अर्को बैकल्पिक तथा उपयुक्त स्थानमा स्थानान्तरण गर्ने नीति उमनपाले लिएको छ ।

२४. जनप्रतिनिधिहरू वहाल भएको अवस्थामा नगरपरिषद् सञ्चालन गर्न, नगरपालिकाका बैठकहरू आयोजना गर्न तथा विभिन्न विषयगत समितिहरूका बैठकहरू आयोजना गर्न मिल्ने गरी नगरपरिषद् भवनको वहुबर्षीय योजना मार्फत निर्माण आरम्भ गर्ने नीति समेत निर्धारण गरिएको छ । यसै गरी अत्यन्तै जीर्ण अवस्थामा रहेको कार्यकारी अधिकृतको निवासस्थानलाई भत्काई नयाँ भवन बनाउने नीति लिइएको छ ।

२५. सेवा प्रवाहका हरेक क्षेत्रमा प्रबिधिको विकास तथा बिस्तार गरी E-Governanceलाई तिव्रता दिईने छ ।

सेवाहरूलाई प्रथम चरणमा कम्प्युटर प्रबिधिमा आधारित तथा दोस्रो चरणमा इन्टरनेटमा आधारित (Online Service) बनाई प्रवाह गर्ने नीति रहेको छ । प्रविधिको प्रयोग र रुपान्तरणको लागि स्रोतको अभाव नहुने सुनिश्चितता गरिएको छ । सूचना प्रवाह तथा नगरबासीसँग अन्तरक्रिया गर्न सामाजिक सञ्जालहरूको प्रयोग तथा परिचालन गरिने छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू एवं उपस्थित विशिष्ट महानुभावहरू** :

अब म यस नगरपरिषद् मार्फत हामीले गत विगतमा तर्जुमा भएका, हाल निरन्तरता दिइएका केही नीतिगत व्यवस्था तथा अन्य विविध एवं क्षेत्रगत नीतिहरूको बारेमा संक्षेपमा प्रकाश पार्न चाहन्छु :

१. गत आ.ब. मा सञ्चालनमा रहेका क्रमागत योजनाहरूलाई प्राथमिकतामै राखी सम्पन्न गरिनेछ । यसलाई सम्बोधन गर्न आबश्यक बजेट विनियोजन गरिएको छ । साविक भरतपुर नगरपालिका भित्रका अधिकांश सडकहरूको लगत कट्टा नभएकोले आगामी आ.व.मा समेत लगत कट्टाको अभियानमूलक कार्यक्रम सञ्चालन गरिने छ । यसको लागि पाँच लाख विनियोजन गरेको छु ।

२. यस उपमहानगरपालिकाको विद्यमान सडकहरूको पुन:निर्माण गर्न हाल कायम रहेको जनसहभागिता २० (बीस) प्रतिशत कायम गरिने तथा सडकको पट-होल टाल्ने खालका कार्यमा १० प्रतिशत जनसहभागिता कायम गरिएको छ । सामान्य मर्मत गर्दा जनसहभागिता लिइने छैन ।

३. ४ फिट भन्दा अग्ला, भुकम्पीय दृष्टिले जोखिमयुक्त पर्खालहरू एवं कच्चा किसिमले निर्माण भएका पर्खाल भत्काउने नीतिलाई निरन्तरता दिइने छ ।

४. एक घर दुई रुखको नीतिलाई जोड दिँदै, प्रत्यक्ष रोजगारी सिजना गर्ने कम्तीमा एक आयोजना महिलाहरूको मात्रै सहभागितामा सञ्चालन गर्ने कार्यलाई आगामी आ.ब. मा पनि निरन्तरता दिईने छ ।

५. सार्वजनिक यातायातको रुट निर्माण र व्यवस्थापन गर्ने कार्यलाई निरन्तरता दिइने छ । यस प्रयोजनको लागि सरोकारवालाहरूसँग सहकार्य गरिने छ ।

६. नगरपालिकाको वर्तमान लागत सहभागिताको ५०:५० प्रतिशतको अवधारणालाई कायमै गरिएको छ । विकासको तिव्र माग सम्बोधन गर्न जारी गरिएको ७०:३० को कार्यक्रम वडा नं १५ देखी २९ सम्म ६०:४० कायम गरिएको छ ।

७. **“उज्यालो भरतपुर, सुरक्षित भरतपुर”** को अवधारणा वमोजिम सौर्य सडक वत्ती जडानलाई अभियानको रुपमा अगाडि लगिने छ । सार्वजनिक निजी साझेदारीमा ६ कि.मि. तथा उमनपाको लगानीमा २ कि.मि. सडकमा सौर्य वत्ती जडान गरिने छ । वडागत तथा नगरपालिकास्तरीय वजेटवाट खर्च गर्ने विद्युत सडक वत्ती व्यवस्थापन गर्न कुल पचास लाख विनियोजन गरेको छु ।

८. जुनसुकै शीर्षकबाट बजेट विनियोजन गरिएको भएतापनि जुन आर्थिक बर्षको लागि बजेट विनियोजन गरिएको हो, सोही आर्थिक बर्षमा आयोजना सम्पन्न गरिसक्नु पर्ने नीतिलाई निरन्तरता दिइएको छ । आ.ब. को चैत्र मसान्तसम्म सम्झौता गरी कार्यान्वयन अघि नवढेका उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरूलाई रकमान्तर गर्ने नीति लिइने छ ।

९. नगरको वडा नं २ नमस्ते चोकमा अन्य संघ संस्था समेतको साझेदारीमा एउटा कलात्मक Clock Tower निर्माण चालु आ.व. मै थालनी गरी क्रमागत रुपमा सम्पन्न गरिने छ । Corporate Social Responsibility अन्तर्गत निजी उद्यमीलाई यसमा साझेदारी गर्न आह्वान गरिनेछ ।

१०. बजार, पसल, रेष्टुराँ, कार्यालय वा यस्तै प्रकारका साईनवोर्ड, प्रचार सामाग्री तथा होर्डिङ्ग वोर्डले घरमा उज्यालो तथा हावाको प्रवाह नै रोक्ने गरेको देखिएकोले यस्तो प्रचार तथा संकेत सामाग्री राख्नको लागि मापदण्ड तयार गरी कार्यान्वयन गरिने नीतिलाई निरन्तरता दिईने छ ।

११. Safer City को अवधारणा बमोजिम भरतपुर तथा नारायणगढ वजारको शहरी सौन्दर्यीकरण बृद्धि गर्न, सुन्दरता विगार्ने बस्तुहरू हटाउन, शहरी सेवालाई प्रभाकारी बनाउन, सार्वजनिक शौचालय तथा ठाउँ ठाउँमा खानेपानीको व्यवस्थापन गर्न, सार्वजनिक यातायातलाई थप व्यवस्थित गर्न, ट्राफिक आईल्याण्ड सुधार गर्न, ट्राफिक वत्तिको व्यवस्था गर्न, र घर, आगन, टोल हुँदै सम्पूर्ण शहर नै सुन्दर र सुरक्षित बनाउन विशेष कार्यक्रमहरू सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

१२. न.पा.को भौतिक एवं सामाजिक सेवालाई अपागं मैत्री बनाउदै लगिने छ । अपांग मैत्री ऱ्याम्प, संकेत टायलयुक्त फुटपाथ जस्ता निर्माणमा केन्द्रीत हुँदै पार्किङ, फुटपाथ, जेव्रा क्रशिङ आदिमा नमूना अपांग मैत्री संरचना निर्माण गर्ने नीतिलाई निरन्तरता दिईने छ ।

१३. यस भरतपुर उप–महानगरपालिकाबाट नक्सा पास गरी निर्माण भएका भवनहरूमा तला थप गर्नको लागि माग गरेमा, तत्कालिन नक्सा पास भएको सडक मापदण्ड, सडक अधिकार क्षेत्र तथा सेट व्याक पूरा भएको, तथा सडक ऐन अनुसरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा र "राष्ट्रिय भवन संहिता–२०६०" अनुसार आवश्यकता भएमा भूकम्पीय सुदृढीकरण (Retrofitting) सहित तला थपको अनुमति प्रदान गर्ने नीति लाई निरन्तरता दिईने छ ।

१४. उमनपा भित्र सञ्चालन हुने कार्य तथा क्रियाकलापहरूमा बालश्रमिकको प्रयोग र परिचालनलाई निषेध गरिने नीति लाई निरन्तरता दिईने छ । उप-महानगरपालिका भित्र रहेका वडाहरूलाई बालश्रम मुक्त र वातावरणमैत्री घोषणा गर्ने अभियान लाई निरन्तरता दिईने छ ।

१५. निजी क्षेत्रबाट सञ्चालित अस्पताल, नर्सिंग होम एवं क्लिनिकहरूलाई उ.म.न.पा. मा सूचिकृत गरिने छ साथै यस्ता संस्थाको सेवा प्रवाहको अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउँदै लगिने छ ।

१६. नगरक्षेत्र भित्रका सवै वाल विकास केन्द्रहरू तथा निजी मन्टेश्वरीहरूको सुचिकृत र अनुगमन गर्ने पद्धति लागू गरिनेछ। हरेक सामुदायिक विद्यालयमा प्रारम्भिक वाल विकास केन्द्र तथा पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न प्रोत्साहन गरिने छ र ती केन्द्रहरूलाई वालमैत्री नगर स्थापनाको सूचक वमोजिम क्रियाकलाप सञ्चालन गरिने छ ।

१७. विद्यालय भर्ना दर बृद्धि गर्ने तथा छोड्ने दर न्युन गर्न विद्यालय भर्ना अभियान र विद्यालय जानका लागि प्रेरित गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ । साथै सरकारी, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गैर सरकारी संस्थाको सहयोग, समन्वय र सहकार्यमा औपचारिक शिक्षाबाट बञ्चित बालबालिकाहरू लगायत अन्यका लागि अनौपचारिक शिक्षा कक्षा सञ्चालन गरिनेछ ।

१८. युवा वर्गमा लागु पदार्थ दुर्व्यसन प्रति सजगता तथा HIV/AIDS रोकथाम तथा नियन्त्रणको लागि जनचेतनामूलक बिशेष कार्यक्रमहरू संचलान गरिने छ। यसै गरी E- Library, खेलकुद क्षेत्रमा साझेदारी तथा उद्यमशीलता प्रवर्धनका गतिबिधि समेटिएका विकासमा युवा वर्गको सार्थक सहभागिताका जुटाउने लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ्न । सञ्चारको क्षेत्रमा क्रियाशील युवाहरूको क्षमता विकासका लागि विविध गतिबिधिहरू सञ्चालन गरिनेछन् ।

१९. सेवा प्रवाहलाई थप विश्वसनीय बनाउन सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने नागरिकहरूको विवरण केन्द्रीय

पञ्जिकरण विभागको सर्भरमा अभिलेखीकृत गर्ने कार्य चालु आर्थिक बर्षमा नै सम्पन्न गरिने छ ।

२०. यस उपमहानगरपालिकाको राष्ट्रिय तथा अन्तराष्ट्रिय नगरहरूसँग भगिनी सम्वन्ध कायम गर्ने नीति लिइनेछ र यस कार्यमा नगरको पहिचान र हितलाई उच्च प्राथमिकतामा राखिनेछ । राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संबन्ध विस्तार कार्यक्रमका लागि सदस्यता शुल्क लगायतका आवश्यक खर्चको व्यवस्थापन गर्न बजेट ब्यावस्था मिलाईएको छ । यसै गरि ICLEI लगायतका अर्न्तराष्ट्रिय सहरी सञ्जालहरूको सदस्यता ग्रहण गर्ने प्रकृयालाई अगाडी बढाईने छ ।

२१. उप-महानगरपालिकाको पटिहानी, मंगलपुर, विसहजारी ताल, सतनचुली, नारायणी नदी, नगर वन, देवघाट, सितामाई लगायतका क्षेत्रहरूलाई पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्न पर्यटन सम्बद्ध संघ-सस्थाहरूसँग सहकार्य गर्दै भरतपुरलाई पर्यटकीय गन्तब्यको रुपमास्वदेशी तथा विदेशी पर्यटकहरूको आकर्षण केन्द्रका रुपमा विकास गरिनेछ ।

२२. यस उपमहानगरपालिका क्षेत्र भित्र अवस्थित पटिहानी क्षेत्र तथा मंगलपुर क्षेत्रलाई नगरकै प्रमुख पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न एवं समस्त पर्यटकीय विषयहरू समेटि नगर पर्यटन विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिने छ ।

२३. भउमनपा क्षेत्र भित्रका सार्वजनिक, पर्ति, ऐलानी जग्गाहरूको संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ । उमनपा क्षेत्रमा रहेको सार्वजनिक जग्गाहरू नपाको स्वामित्वमा ल्याउनको लागि सबैको सहयोग प्राप्त हुने अपेक्षा लिइएको छ ।

२४. नगरपालिका क्षेत्र भित्र सार्वजनिक जग्गाको प्रयोग कुन सामाजिक संस्थाले कहिले देखी के प्रयोजनको लागि गरेका छन्, त्यसको लगत तयार पारिने छ ।

२५. भरतपुर उप-महानगरपालिका विस्तार हुँदा ग्रामीण परिवेश भएको तथा कृषिमा निर्भर ठूलो भू-भाग उमनपामा थपिएकोले कृषिलाई प्राथमिकता दिने नीति लिइएको छ । कृषिमा आधुनिकीकरण एवं व्यवसायिकरण गर्न तथा कृषि क्षेत्रमा सिँचाईको सुविधा पुऱ्याउन आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने नीतिलाई निरन्तरता दिईएको छ ।

२६. एक सहर एक पहिचान अन्तर्गत मेडिकल सिटिको रुपमा विकसित हुदै गरेको भरतपुर उमनपामा अस्पतालजन्य फोहरको व्यवस्थापन चुनौतिको रुपमा रहेको छ । यस समस्याको निराकरणको लागि सरोकारवालाहरूको छलफलबाट सञ्चालन खर्च सम्बन्धित अस्पतालहरूले दामासाहीले ब्यहोर्ने गरी सार्वजनिक निजी साझेदारीमा यस प्रकारको फोहर ब्यवस्थापन केन्द्र सञ्चालन गर्ने समझदारी बनेको छ । उमनपा उक्त समझदारीको कार्यान्वयनको लागि कृयाशिल रहनेछ ।

२७. **स्वच्छ तथा हराभरा भरतपुर**को लक्ष्यका साथ हरियाली प्रवर्द्धन गर्न सडकको दायाँ बायाँ बृक्षारोपण कार्यक्रम तथा एक वडा एक पार्क/उद्यान कार्यक्रमलाई निरन्तरता दिईने छ । जलवायु परिवर्तन र यसको प्रभावका कारण पानीको श्रोतमा आएको कमी र जमीन मुनीको पानिको सतह घटेको कुरालाई ध्यानमा राख्दै एक वडा एक पोखरीको कार्यक्रमलाई निरन्तरता दिदै भएका पोखरी, ईनार, कुवा, धारा, आदिको संरक्षणमा विशेष जोड दिईने छ ।

२८ केही छानिएका क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न टोल विकास संस्थासँग सहकार्य गरिने छ । जथाभावी फोहर फाल्नेलाई आवश्यक कारवाही गर्न एउटा अनुगमन तथा निगरानी समितिका कार्यलाई तिव्रता दिईने छ । हाल संचालित विशेष सरसफाई अभियानलाई निरन्तरता दिईने छ । फोहरमैला व्यवस्थापन ऐन, २०६८

लाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।

२९. फोहरलाई श्रोतमा नै वर्गीकरण गरी प्राङ्गारिक फोहरलाई व्यवस्थापन गर्ने, पुन प्रयोग गर्न सकिने र बिक्री वितरण हुने फोहरको लागि सोही वातावरण मिलाउने र श्रोतमा व्यवस्थापन गर्न नसकिने (सिसा, व्याट्रि, औषधिको खोल आदि) फोहरको नगरपालिकाद्वारा उचित व्यवस्थापन गरिने नीति को निरन्तरता रहने छ ।

३०. भरतपुर नगर क्षेत्रलाई प्लाष्टिक झोला निषेधित क्षेत्र बनाउने निर्णयलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने एवं मर्करी (पारो) र लिड (शिसा) मुक्त नगर बनाउन आवश्यक कार्य गरिने छ ।

३१. श्रोत परिचालनलाई समतामूलक, प्रगतिशील र न्यायपूर्ण बनाईने छ । सबै सरोकारवाला एवं करदाताहरूको सहभागितामा राजश्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको अंश बृद्धि गरिँदै लगिनेछ ।

३२. आगामी आ.व.मा करको दायरा विस्तार गरिने नीति लिइएको छ । यस्को लागि कर संकलनका अभियानहरू सञ्चालन गरिनेछन् भने विभिन्न सरोकारवालाहरूसँग साझेदारी समेत गरिने छ । नक्सा पास दस्तुरलाई सरोकारवालाहरूसँगको परामर्श र छलफल पछि समसामयिक बनाईने छ ।

३३. नगरपालिकाको लागि भरपर्दो कर प्रणाली एकिकृत सम्पत्ति कर नै हो भन्ने मान्यतालाई स्वीकार गर्दै एकीकृत सम्पत्ति करको लागि गरिने जग्गाको मूल्याङ्कन, आगामी केही बर्ष पश्चात जग्गाको न्युनतम मूल्याङ्कनसँग सामान्जस्य गर्ने नीति अंगिकार गरिने छ ।

३४. न.पा.द्वारा बहालमा लगाईएका सम्पत्तीहरूको बहाल बन्दोबस्त गर्दा कानून तथा नियम अनुसार प्रचलित बजारदरको आधार कायम गरी बहाल बन्दोबस्त गर्दै लगिनेछ । भरतपुर तथा नारायणगढ क्षेत्रमा बढ्दो अव्यवस्थित पार्किगंलाई नियन्त्रण गरी व्यवस्थित सःशुल्क पार्किङ्ग स्थलहरूको पहिचान र विकास गर्दै नगरपालिकाको आयमा बृद्धि गर्ने नीति अवलम्बन गरिने छ ।

३५. हरित भवनको मापदण्ड पुरा भएका भवनको नक्शा पास गर्दा तथा ५ बर्षसम्म एकीकृत सम्पत्ति कर निर्धारण गर्दा लाग्ने करमा १० प्रतिशत तथा अण्डर ग्राउण्ड पार्किङ्ग बनाउने भवनमा नक्शापास दस्तुरमा १०% (दश प्रतिशत) छुटको नीतिलाई निरन्तरता दिइएको छ ।

३६. सेवाग्राहीको अधिकारलाई सम्वोधन सवै वडा कार्यालय र सेवा केन्द्रमा क्षतिपूर्ति सहितको नागरिक वडापत्र जारी गरिने छ । यसको लागि रु ५० हजारको क्षतिपूर्ति कोषको ब्यवस्था गरिएको छ । तोकिएको समयमा सेवा प्राप्त नभएमा यसै कोषबाट क्षतिपूर्ति दिइनेछ र कर्मचारीलाई उत्तरदायी बनाईने छ । यसबाट नगरपालिकाको सेवा प्रवाह अझै प्रभावकारी र विश्वसनीय हुने विश्वास लिइएको छ ।

३७. सुशासन प्रवर्द्धन, पारदर्शिता तथा जवाफदेहीता बृद्धि गर्नको लागि सोही उद्देश्यले स्थापित संस्थाहरू सँगको सहकार्यलाई निरन्तरता दिइनेछ ।

३८. संगठनको वर्तमान संरचना अनुसार हाल विस्तारित वडाहरूबाट प्रभावकारी सेवा प्रवाह गर्न दरवन्दीमा पुनरावलोकन कार्य गर्नु परेको हुदाँ संस्थागत संरचना विश्लेषण (ODA) गरी प्राप्त हुने प्रतिवेदन नगरपालिका वोर्डमा पेश गरी कार्यान्वयन गर्न परिषद्बाट अधिकार प्रत्योजन गरिएको छ ।

३९. खाद्य वस्तुको अनुगमनबाट अखाद्य वस्तुहरूलाई तुरुन्तै हटाउने कार्यवाही तथा मासुपसलको अनुगमनलाई थप तिव्रता दिईने छ ।

४०. बजार क्षेत्रमा फुटपाथ तथा ठेला निषेधित कार्यक्रमलाई अझै कडाईका साथ कार्यान्वयन गर्दै शून्य सहनशीलताको नीति अवलम्वन गरिने छ ।

यस परिषद्बाट तर्जुमा गरिएका, भर्खर प्रस्तुत नीति तथा कार्यक्रमको विस्तृत खाका आजका प्रमुख अतिथि, अतिथि तथा अन्य उपस्थित आदरणीय महानुभावहरूको अध्ययन तथा सार्वजनिक जानकारीका लागि यसै मन्तब्यको साथ वितरण गर्ने व्यवस्था मिलाएको छु ।साथै उक्त निर्णयहरू न.पा.को वेवपेज, फेसवुक पेज तथा मोवाईल एप मार्फत अबिलम्व प्रकाशित गरिने छ ।

**सम्माननीय प्रधानमन्त्रीज्यू एवं उपस्थित विशिष्ट महानुभावहरू** :

माथि उल्लिखित विषयगत नीतिहरूको सफल कार्यान्वयन गर्न आगामी आर्थिक वर्षको लागि कुल अनुमानित वजेट रु ८९ करोड ५० लाख ९९ हजार ४ सयरहने प्रस्ताव गरिएको छ। उक्त वजेटचालु आ.व.कोकुल वजेटको तुलनामा ४०.३८  प्रतिशतले बढी हो । कुल बजेट मध्ये आन्तरिक आम्दानी तर्फ रु. २७ करोड ३६ लाख ३९ हजार अनुमान गरेको छु। आन्तरिक आम्दानीतर्फ स्थानीय कर रु. १० करोड १७ लाख १० हजार, सेवा शुल्क रु.६ करोड १६ लाख ३८ हजार, दस्तुरहरूबाट रु. ९ करोड १७ लाख १६ हजार, बिक्रीबाट रु. २ लाख ५० हजार, अन्य आम्दानी रु. १ करोड८१लख २५ हजार, तथाअन्य स्रोत परिचालन तर्फ २ लाख रहने अनुमान छ। आगामी बर्ष प्रस्तावित रकम चालु आ.ब.को अनुमानको तुलनामा आन्तरीक आय तर्फ ८.३५ प्रतिशत बढि हुन आउँदछ। यसै गरी वाह्य तर्फ नेपाल सरकार, बैदेशिक सहायता एवं अन्य निकायबाट प्राप्त हुने अनुदान तथा ऋण समेत गरि रु ६२ करोड १४ लाख ६० हजार ४ सय रहने अनुमान गरेको छु।बाह्य स्रोततर्फ आगामी बर्ष प्रस्तावित रकम चालु आ.व. को तुलनामा ६१.०४ प्रतिशतले बढि हुन आउँदछ। बाह्य आय अनुमानको उच्च बृद्धिमा सामाजिम सुरक्षा भत्तामा भएको बृद्धि तथा नगरपालिका अनुदानमा भएको बृद्धि मूख्य कारणहरू रहेका छन् ।

यसै गरी ब्यय अनुमानलाई विषयगत क्षेत्रको हिसाबबाट विभाजन गर्दा पूर्वाधार तथा संरचना विकासतर्फ २८ करोड ५३ लाख १३ हजार ४ सय(३१.८८ प्र.), जनसंख्या तथा सामाजिक विकासतर्फ ३२ करोड २१ लाख (३५.९८ प्र.), फोहरमैला तथा वातावरणतर्फ ३ करोड २४ लाख ५० हजार (३.६३ प्र.), अन्य सफ्टवेयर कार्यक्रम ५ करोड ५४ लाख ४८ हजार (६.१९) र प्रशासन तथा संगठनतर्फ १५ करोड ९९ लाख  (१७.८६ प्र.) गरी कुल व्यय अनुमान रकम जम्मा ८९करोड ५० लाख ९९ हजार ४ सय प्रक्षेपण गरिएको छ।

**सम्माननीय प्रधानमन्त्रीज्यू एवं उपस्थित विशिष्ट महानुभावहरू** :

योजनाको तर्जुमा जस्तै यसको कार्यान्वयन पनि महत्वपूर्ण पक्ष हो । हामीले तर्जुमा गरेका कतिपय कार्यहरू सम्पादन गर्न हाम्रो सहकार्य, साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतःयस अवसरमा भरतपुर उप-महानगरपालिकाको विकासमा प्रभावकारी भूमिका खेल्नसरकारी निकायहरू, निजी क्षेत्र, दातृ निकाय लगायत, अन्तर्राष्ट्रिय संघ संस्थाहरू, गैर सरकारी संघ संस्थाहरू, टोल विकास संस्थाहरू तथा अन्य सम्पूर्ण सरोकारवालाहरूलाई यसै मञ्चबाट हार्दिक अनुरोध गर्न चाहन्छु ।

आज प्रस्तुत वजेटको पूर्ण विवरण अविलम्ब यस उप-महानगरपालिकाको वेव पेजमा अपलोड गरिने व्यहोरा निवेदन गर्दै वजेट तथा कार्यक्रमको पूर्ण विवरण, नगर विकास योजना तर्जुमाका प्रस्तुतआधार तथा लिइएको नीतिहरूको विस्तारित खाका समेटिएको बार्षिक नगर विकास योजना पुस्तक यथाशीघ्र यहाँहरूसमक्ष उपलब्ध गराउने बाचा समेत गर्दछु । नगर परिषद्को निर्णय समेटिएको उक्त पुस्तक भरतपुर उपमहानगरपालिकाको

प्राथमिकताको रुपमा नेपाल सरकारका सम्पूर्णमन्त्रालय तथा विभागहरू, जिल्ला विकास समिति, चितवन एवं विकासको क्षेत्रमा क्रियाशील सवै संस्थाहरू तथा सबै विकासका साझेदारहरूका लागि अभिलेखबद्ध रहनेछ भन्ने विश्वास लिएको छु ।

**अन्तमा**,

हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नुहुने प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । साथै आजको यस विशेष अवसरमा उपस्थित भई हामीलाई हौसला प्रदान गर्नु हुने विशिष्ट अतिथि, माननीय मन्त्रीज्यूहरू, सम्माननीय प्रधानमन्त्रीज्यूका सल्लाहकारज्यू, माननीय सांसद्ज्यूहरू, एवं श्रीमान् सचिवज्यूप्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । त्यसैगरी प्रशासनिक निकायका प्रमुखज्यूहरू, राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिज्यूहरू, सुरक्षा निकायका प्रमुखज्यूहरू,निजी, गैर सरकारी तथा सामाजिक क्षेत्रका विशिष्ट व्यक्तित्वहरू, टोल विकास संस्थाका पदाधिकारीहरू, सञ्चारकर्मी साथीहरू, विषयगत कार्यालय तथा उमनपाका कर्मचारी मित्रहरू तथा आमन्त्रित सम्पूर्ण अतिथिज्यूहरूलाई यस नगर परिषद्मा सक्रिय सहभागिता जनाई परिषद्को गौरव बढाई दिनुभएकोमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । प्रस्तुत वजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रकृयामा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण नगरवासी दाजुभाई तथा दिदिवहिनीहरू एवं कर्मचारी मित्रहरूमा हार्दिक धन्यवाद छ ।

धन्यवाद !

**महेश बराल**

कार्यकारी अधिकृत

**भरतपुर उप–महानगरपालिका, भरतपुर, चितवन**

मितिः २०७३ पौष २६ गते मंगलबार ।